**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण (Proactive Disclosure)**

**२०७९।०१।०१ देखि २०७९।०३।३२ सम्म ।**

सूचना सार्वजनिक गर्ने निकायको नाम : रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)

सार्वजनिक गरेको मिति : २०७९।०४।१५ आइतबार

**१ निकायको स्वरुप र प्रकृति**

वि.सं. २००७ साल चैत्र २० गते विधिवत रुपमा स्थापना भएको रेडियो नेपाल मुलुककै अग्रणी श्रव्य सञ्चार माध्यम हो । तात्कालीन प्रसार विभाग अन्तरगत रहेको रेडियो नेपाल विकास समिति ऐन २०१३ वमोजिम २०४१ साल भदौ १ गते विकास समितिमा परिणत भएको हो ।
रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मातहतमा सञ्चालन हुँदै आएको छ । यसको केन्द्रीय कार्यालय काठमाडौंको सिंहदरवारमा रहेको छ । तीनवटा प्रसारण केन्द्रसहित हाल ७ वटै प्रदेशमा प्रादेशिक प्रसारण कार्यालय र मुलुकको विभिन्न २६ स्थानमा एफ.एम. रिले स्टेशनको माध्यमबाट रेडियो नेपालले देशभरि प्रसारण सेवा विस्तार गरेको छ । यसका साथै न्युजपोर्टल onlineradionepal.gov.np / www.radionepal.gov.np र Radio Nepal Apps मार्फत विश्वभरि पढ्न, सुन्न र हेर्न सकिन्छ । रेडियो नेपाल, नेपालमा सबैभन्दा बढी प्रसारण केन्द्रहरु र एफ.एम. रिले केन्द्रहरु रहेको सर्वाधिक प्रसारण पहुँच भएको प्रसारण माध्यम हो । २४ सै घण्टा प्रसारण हुने रेडियो नेपालले २१ भाषामा समाचार तथा २० भाषामा कार्यक्रम प्रसार गर्दै आएको छ । हालसम्म रेडियो नेपालको प्रसारण पहुँच ९१ प्रतिशत जनतासम्म पुगेको छ ।

**दूरदृष्टि**

राष्ट्रिय एकता र समग्र विकासका लागि विश्वसनीय, गुणस्तरीय, अग्रणी, राष्ट्रिय प्रसारण माध्यमको रुपमा क्रियाशील रेडियो नेपाललाई सर्वाधिक श्रोता र प्रसारण पहुँच भएको राष्ट्रिय रेडियो राष्ट्रको सञ्चारको रुपमा विकास गर्ने ।

**परिदृष्टि**

राष्ट्रिय हितलाई सर्वोपरि राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिको व्यापक जानकारी दिन र राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुऱ्याउनका लागि मिडियमवेभ तथा एफ.एम. र अनलाइनको माध्यमबाट प्रसारण सेवा सञ्चालन गर्ने ।

**लक्ष्य**

नेपाली जनताको अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, धार्मिक एवं कलात्मक पक्षहरूको जगेर्ना, सम्बर्द्धन गर्न तथा विभिन्न क्षेत्र, जाति, भाषा, धर्म, वर्ग तथा सम्प्रदायबीच भावनात्मक एकता अभिवृद्धि गर्न शैक्षिक, सूचनामूलक, विकासमूलक र मनोरञ्जनात्मक कार्यक्रमहरू एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका महत्वपूर्ण गतिविधिहरूको उत्पादन/प्रसारण गरी जनताको जीवनस्तर उकास्न एवं चेतना अभिवृद्धि गर्न सघाउ पुऱ्याउने ।

| | | | |
|---|---|---|---|
| १. | संस्थाको नाम : | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) | |
| २. | ठेगाना : | सिंहदरवार, काठमाण्डौं । | |
| ३. | टेलिफोन नं. : | ०१-४२११९१०,<br>०१-४२११६६७<br>०१-४२११८०५ | फ्याक्स नं.:<br>०१-४२११९५२ |
| ४. | Email :<br><br>website:<br>News Portal:<br>Face book page<br>Apps: | ed@radionepal.gov.np<br>info@radionepal.gov.np<br>www.radionepal.gov.np<br>www.onlineradionepal.gov.np<br>www.facebook.com/radionepal<br>Radio Nepal | |
| ५. | स्थापना मिति : | २००७ साल चैत्र २० गतेमा प्रसार विभाग<br>२०४१ भाद्र १ गते देखि रेडियो प्रसार सेवा विकास समिति | |
| ६. | स्थापना ऐन : | विकास समिति ऐन, २०१३ | |
| ७. | कार्यालयहरु: | | |
| | केन्द्र:<br>प्रदेश प्रसारण कार्यालय:- | सिंहदरबार, काठमाडौं,<br>धनकुटा, पोखरा, सुर्खेत, दिपायल, दाङ, वर्दिवास र सञ्चारग्राम विराटनगर | |
| | प्रसारण केन्द्र: | धरान, खुमलटार र भैंसेपाटी । | |
| | एफएम रिले केन्द्र: | २७ (सत्ताईस) वटा | |
| ८. | प्रसारण प्रविधि : | मिडियम वेभ, एफ.एम., अनलाईन र Radio Nepal Apps | |
| ९. | सम्पर्क मन्त्रालय : | संचार तथा सूचना प्रविधि मन्त्रालय | |

**रेडियो प्रसार सेवा विकास समिति गठन (दोश्रो संशोधन) आदेश, २०४१ दफा २ क अन्तर्गत समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन ।**

| **क्र.सं.** | | **पद** |
|---|---|---|
| **१.** | सचिव, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | **अध्यक्ष** |
| **२.** | भाषा, साहित्य वा प्रसारणको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिहरु मध्येबाट एकजना | **सदस्य** |
| **३.** | संगीत तथा कलाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिहरु मध्येबाट एकजना | **सदस्य** |
| **४.** | प्रतिनीधी, अर्थमन्त्रालय (सहसचिव स्तर) | **सदस्य** |
| **५.** | कार्यकारी निर्देशक (रेडियो नेपाल) | **सदस्य सचिव** |

**रेडियो प्रसार सेवा विकास समिति गठन (दोश्रो संशोधन) आदेश, २०४१ दफा ३ उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन नेपाल सरकारले गर्नेछ र नीजहरुको पदावधी दुई वर्षको हुनेछ ।**

**२. निकायको काम कर्तव्य र अधिकार**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिबिधिहरुको ब्यापक जानकारी दिन र राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुऱ्याउनका लागि सर्टवेभ, मिडियमवेभ तथा एफ.एम.र अनलाईन  प्रविधिको माध्यमबाट प्रसारण सेवा संचालन गर्ने ।


- नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, एवं कलात्मक पक्षहरुको जगेर्ना, सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने ।

- देशका विभिन्न क्षेत्रका जातजाती, भाषा, वर्ग र सम्प्रदायवीच भावनात्मक एकता अभिवृद्धि गर्ने खालका गतिविधिहरुलाई जनतामाझ पुऱ्याउने सामग्री उत्पादन एवं प्रसारण गर्ने ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सुचना, समाचारहरुका साथै शैक्षिक, सूचनामूलक, विकासमूलक, जनचेतनामुलक र मनोरन्जनमूलक सामग्री रेडियो नेपालका केन्द्रीय प्रसारण केन्द्रका साथै प्रादेशिक प्रसारण केन्द्र र एफ.एम.रिले केन्द्रमार्फत आमजनतामा पुऱ्याउने ।
  राष्ट्रिय एकता र समग्र बिकासका लागी  बिश्वसनीय, गुणस्तरीय, अग्रणी,  राष्ट्रिय प्रसारण माध्यमको रुपमा क्रियाशील  रेडियो नेपाललाई "राष्ट्रिय रेडियो राष्ट्रको संचार" को रुपमा बिकास गर्न देहायका कार्यहरु संचालन गर्ने ।

- मानव अधिकारका मुल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशिकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपुर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने सामग्री प्रसार गर्ने ।
- परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय ईकाईहरु बीचको सम्वन्ध स्थापित गर्दै स्थानिय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने कार्यक्रम तथा समाचारहरु प्रसार गर्ने ।
- कला, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने सामग्री प्रसारण गर्ने ।
- श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मुल्यहरुको विकास गर्ने खालका कार्यक्रमहरुलाई बढावा दिने ।
- सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सदभाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्न अभिप्रेरित हुने खालका विषयलाई रेडियो नेपालले आफ्नो प्रसारणमा समावेश गर्ने ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतका अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न सघाउ पुऱ्याउने सामग्री प्रसार गर्ने ।

## ३. निकायको सांगठनिक संरचना



**४. निकायमा रहने कर्मचारीको दरवन्दी संख्या**

| क्र.सं. | महाशाखा/प्रदेश प्रसारण. केन्द्र/टा्.स्टेशन | जम्मा दरबन्दी | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन महाशाखा | १४५ | केन्द्रीय कार्यालय सहित बागमती प्रदेश |
| २. | ईन्जिनियरिङ्ग महाशाखा | ५४ | |
| ३. | व्यापार महाशाखा | १३ | |
| ४. | समाचार महाशाखा | ४९ | |
| ५. | कायर्क्रम महाशाखा | ६० | |
| ६. | आर्थिक महाशाखा | १६ | |
| ७. | भंसैपाटी प्रसारण केन्द्र | १९ | |
| ८. | खमुलटार प्रसारण केन्द्र | २५ | |
| ९. | वर्दिवास प्रसारण केन्द्र | २४ | मधेस प्रदेश |
| १०. | पोखरा प्रादेशिक प्रसारण कार्यालय | ३९ | गण्डकी प्रदेश |
| ११. | सुर्खेत प्रादेशिक प्रसारण कार्यालय | ३३ | कर्णाली प्रदेश |
| १२. | दिपायल प्रादेशिक प्रसारण कार्यालय | २४ | सुदूरपश्चिम प्रदेश |
| १३. | धनकुटा प्रादेशिक प्रसारण कार्यालय | ३५ | प्रदेश नं. १ |
| १४. | धरान प्रसारण केन्द्र | २२ | |
| १५. | दाङ्ग प्रादेशिक प्रसारण कार्यालय | ० | लुम्बिनी प्रदेश |
| १६. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर | ० | प्रदेश नं. १ |
| जम्मा | | ५५८ | |

**(उल्लेखित मध्ये स्थायी कर्मचारी ३५१ जना र हाल समितिमा करार, सिफ्ट वेसिस, मासिक ज्यालादारी, दैनिक ज्यालादारी र सुरक्षा गार्ड सहित १७४ जना कार्यरत छन् ।)**

निकायमा दरवन्दी अनुसार कार्यरत कर्मचारी संख्या र कार्य विवरण:

| क्र.सं. | पद | सेवा समुह | संख्या | कार्य विभाजन | कार्यरत कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | | १ | निकाय प्रमुख | १ | |
| २. | नायव कार्यकारी निर्देशक तह ११ | | ३ | | ३ | |
| ३. | निर्देशक तह १० | प्रशासन, इन्जिनियरिङ्ग ( उत्पादन/प्रसारण/योजना) कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | ८ | महाशाखा प्रमुख | ४ | |
| ४. | उप निर्देशक तह ९ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | १८ | शाखा प्रमुख | १२ | |
| ५. | मुख्य अधिकृत तह ८ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | ३० | | २८ | |
| ६. | बरिष्ठ अधिकृत तह ७ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | ४३ | | ४६ | |
| ७. | अधिकृत तह ६ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | ८४ | | १२२ | |
| ८. | बरिष्ठ सहायक तह ५ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | १२७ | | ४५ | |
| ९. | टाइपिष्ट | | | | २ | |
| १०. | सहायक तह ४ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक, व्यापार, | १०४ मा (३ तिन जना ३ तह सहित) | | १३ | |
| ११. | श्रेणी विहीन | प्रशासन | १४० | | ७५ | |
| | | जम्मा | **५५८** | | **३५१** | |

## ५. निकायवाट प्रदान गरिने सेवा

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिहरुको सत्य, तथ्य, निष्पक्ष विवरण सहित समाचार तथा कार्यक्रमहरु प्रसारण गर्दै आएको ।
- सर्टवेभ, मिडियमवेभ, एफ.एम. तथा अनलाइन मार्फत प्रसारण प्रविधि क्षेत्र विस्तार गरी शतप्रतिशत पुर्‍याउन प्रयासरत रहको ।
- रेडियो नेपाल एप्सको सहायतावाट प्रसारण क्षेत्र विस्तार भएको ।
- वहुभाषामा समाचार कार्यक्रम प्रसारण गर्ने नीति अनुरुप हाल २१ भाषामा समाचार र २० भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण भइरहेको ।
- केन्द्रबाट समाचार, समाचारमूलक, जनचेतनामूलक, विकासमूलक, शिक्षाप्रद तथा मनोरन्जनात्मक कार्यक्रमहरु २४ सै घण्टा प्रसारण भइरहेको तथा प्रदेश प्रसारणवाट ३ घन्टा स्थानिय कार्यक्रम र समाचारहरु प्रसारण भएको ।
- मुलुकको आवश्यकता र श्रोताहरुको रुचि, ईच्छा र चाहना बमोजिम नयाँ नयाँ कार्यक्रमहरु समावेश गर्दै आएको ।
- श्रोतावाट प्राप्त भइ छनौट भएका र रेडियो नेपालवाट प्रसारित लेख, रचना, कथा, कविता आदिको पारिश्रमीक उपलब्ध गराउँदै आएको ।
- रेडियो नेपालको प्रसारणलाई थप प्रभावकारी बनाउन वार्षिकरुपमा प्राविधिक तथा श्रोता सर्वेक्षण गरीरहेको ।
- बढी भन्दा बढी श्रोतालाइ जानकारी दिन online news portal, Facebook, Radonepal App जस्ता सामाजिक सञ्जालहरुको  प्रयोग भएको ।
- अझ व्यवसायिक बनाउँदै लैजान सरकारी, गैह्रसरकारी तथा नीजि संस्थाहरुसँग प्रचलित कानुनका आधारमा व्यापारिक सम्झौता गर्ने गरेको ।
- रेडियो नेपालले आफनो चल अचल सम्पत्ति वा प्रसारण उपकरणहरु निश्चित समयसम्मका लागि अन्य संघसंस्थालाई प्रचलित करार सम्झौता बमोजिम उपलब्ध गराउदै आएको ।
- श्रोताका गुनासो, पीरमर्का र समस्या सुनी उचित व्यवस्थापन गर्न केन्द्रमा गुनासो सुनुवाई गरी समस्याहरुको निराकरण गदै आएको ।
- हरेक प्रदेशमा आधुनिक सुविधा सहितको प्रसारण केन्द्र स्थापना गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप हुने गरी प्रादेशिक प्रसारण प्रक्रियालाई अघि बढाउदै आएको ।
- केन्द्रीय कार्यालयले आफु मातहतका प्रादेशिक निकाय लगायतका कार्यालयहरुको बैज्ञानिक, वस्तुनिष्ठ र मापनयोग्य मुल्यांकन प्रणालीमार्फत अनुगमन तथा मुल्यांकन गदै आएको ।
- केन्द्रीय कार्यालयबाट भएगरेका कामहरुको  त्रैमासिक विवरण आफ्नो आधाकारिक वेभसाइट मार्फत सार्वजनिकीकरण गर्ने गरेको ।
- कामकारवाही र सुधारको प्रक्रिया, सेवाग्राहीका गुनासा समाधान हेतु व्यवस्थापन सुधार इकाई गठन गरी कार्यान्वयन गर्दै आएको ।
- केन्द्रीय कार्यालयले वर्षमा कम्तिमा एकपटक सार्वजनिक सुनुवाई वा सञ्चारकर्मी भेटघाट मार्फत गतिविधिहरु जनमानस समक्ष लैजाने गरेको ।
- आधिकारिक वेभसाइट मार्फत गतिविधिहरु हेर्न तथा समाचार, कार्यक्रम, गीतसंगीत आदि प्रत्यक्ष र अप्रत्यक्ष ढंगबाट सुन्ने व्यवस्था मिलाएको ।
- आवधिक रुपमा संगीत प्रशिक्षण कार्यक्रम संचालन गर्दे आएको ।
- विभिन्न कलेज तथा शैक्षिक सस्थावाट आउने विद्यार्थीहरुलाई इन्टर्नसिप प्रदान गर्दै आएको ।
- इच्छुक व्यक्ति सस्था कार्यालयहरुलाई रेडियो नेपाल अवलोकन भ्रमणको सुविधा उपलब्ध गराएको ।
- नवप्रतिभाहरुको स्वर परिक्षा लिदै आएको ।
- नेपाली संगीतको प्रवर्द्धन गर्न आधुनिक, जागरण, फुलवारी, लोक गीत, वालगीत र शास्त्रीय संगीत प्रतियोगिता तथा सम्मेलन गर्दै आएको ।
- विभिन्न विद्याका कलाकारहरुलाई रचना, संगीत तथा स्वरमा उत्पादन गरिएका एल्वम तथा अनुभवको आधारमा श्रेणी वृद्धि गर्दै आएको ।
- विभिन्न विद्याका कलाकारहरुलाई उनीहरुको वर्गिकृत श्रेणी अनुसार कलाकार सिफारिस पत्र प्रदान गर्ने गरेको ।
- आवश्यकता अनुसार विभिन्न राष्ट्रभाषामा र अन्य गीतहरु रेकर्डिङ्ग गर्ने गरेको ।

- १६ वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र मानसिक सन्तुलन ठिक नभएका तथा हराएका व्यक्तिहरु सम्वन्धी सूचना सन्देश निःशुल्क रुपमा प्रसारण गर्दै आएको ।
- उल्लेखित प्रकृतिका सेवाहरु प्रदेश प्रसारणवाट पनि दैनिक ३ घन्टाको प्रसारण मार्फत प्रदान गर्दै आएको ।
- आपतकालिन वा संकटको वेला सम्वन्धित विषयमा २४ सै घण्टा प्रसारण गर्ने । जस्तै कोभिड १९ को सर्न्दभमा ०७६-१२-११ देखि ०७७।०६।३० सम्म २४ सै घण्टा प्रसारण भएको ।

## ६. सेवा प्रदान गर्ने शाखा, महाशाखा र जिम्मेवार अधिकारी

| सि.नं. | उपलब्ध सेवा | सेवा प्रदान गर्ने शाखा / महाशाखा | जिम्मेवार अधिकारी/मोबाइल नम्बर |
|---|---|---|---|
| १. | प्रसाशन सेवा | प्रसाशन, आर्थिक प्रसाशन र व्यापार | नायव कार्यकारी निर्देशक खगेन्द्र खत्री<br>९८५१०२९३३२ |
| २. | सञ्चार तथा कार्यक्रम सेवा | कार्यक्रम र समाचार | नायव कार्यकारी निर्देशक चन्द्रभूषण लाल दास<br>९८४९२१५९२२ |
| ३. | इन्जिनियरीङ सेवा | इन्जिनियरीङ उत्पादन, प्रसारण र योजना, विकास तथा विस्तार | नायव कार्यकारी निर्देशक कृष्णचन्द्र पौडेल<br>९८५१२२१५६७ |
| ४. | रेडियो नेपालको वर्तमान र भावि योजना सम्वन्धमा | योजना बिकास तथा विस्तार महाशाखा | निर्देशक पुष्करराज गौतम<br>९७६११३९८८२<br>प्राविधिक अधिकृत भिम बहादुर विश्वकर्मा ९८५१२०८८३८ |
| ५. | रेडियो नेपालको आर्थिक प्रशासन, लेखा सम्वन्धमा । | आर्थिक प्रशासन महाशाखा | निर्देशक मनोज चौधरी<br>९८४१७४६३३३<br>उप निर्देशक बद्रिनाथ भण्डारी<br>९८४६१६३६८७ |
| ६. | रेडियो कार्यक्रम प्रायोजन, विज्ञापन/व्यापार सम्वन्धमा | व्यापार महाशाखा | निर्देशक गोपाल थापा<br>९८४१५००५३२<br>उप निर्देशक पुष्कर बराल<br>९८४१५९११४६ |
| ७. | रेडियो कार्यक्रम सम्वन्धी | कार्यक्रम महाशाखा | निर्देशक डा. नवराज लम्साल<br>९८४१२७३८४७<br>उप निर्देशक ललिजन रावल<br>९८४१४८१८४९ |
| ८. | रेडियो प्रसारण सम्वन्धी प्राविधिक उत्पादनसँग सम्बन्धीत विषयहरु अनलाइन समेत | इन्जिनियरीङ उत्पादन महाशाखा | उप निर्देशक ई. उदयकृष्ण श्रेष्ठ<br>९८४१२१८२२४/९८४००१८८३०<br>मुख्य प्राविधिक अधिकृत सुलोचना बज्राचार्य<br>९८४१८२०८९५ |

| | | | |
|---|---|---|---|
| ९. | रेडियो प्रसारण सम्वन्धी प्राविधिक प्रसारणसँग सम्बन्धीत विषयहरु मर्मत समेत | इन्जिनियरीङ प्रसारण महाशाखा | उप निर्देशक पुरुषोत्तम मानन्धर ९८५१०५२९२२<br>कार्यकारी इन्जिनियर नेहा श्रेष्ठ ९८६७०४५६७८ |
| १०. | रेडियो समाचार तथा समाचारमूलक सामग्री सम्वन्धी | समाचार महाशाखा | उप निर्देशक पवन प्याकुरेल<br>चिफ रिपोटर प्रमोद दाहाल ९८५११३४९१९ |
| ११. | रेडियो नेपाल सम्वन्धी प्रशासनिक विषयहरुमा | प्रशासन महाशाखा | उपनिर्देशक बद्री विशाल तण्डुकार ९८४१२९८११५<br>मुख्य प्रशासकिय अधिकृत इन्द्रजित थापा ९८४१३२०७४६ |
| १२. | रेडियो नेपालले खरिद गरेका सामान र उपकरण सम्वन्धमा | खरिद इकाइ | निर्देशक (प्रा.) पुष्कर राज गौतम् ९७६११३९८८२ |
| १३. | रेडियो नेपाल सम्वन्धी गुनासो सम्वन्धमा | गुनासो सुन्ने अधिकारी | उपनिर्देशक बद्री विशाल तण्डुकार ९८४१२९८११५ |
| १४. | रेडियो नेपाल सम्वन्धी सूचना जानकारी सम्वन्धमा | सूचना अधिकारी | निर्देशक पुष्करराज गौतम ९७६११३९८८२ |
| १५. | रेडियो नेपाल अवलोकन र इर्न्टन्सीप तालिम सम्वन्धमा | तालिम शाखा | उपनिर्देशक जनार्दन विष्ट ९८५१०८५४४०<br>प्रशासकिय अधिकृत कुमार धिताल ९८४१३७४३११ |
| १६. | गीत दर्ता सम्वन्धमा | टेप लाइब्रेरी, कार्यक्रम महाशाखा | मुख्य कार्यक्रम अधिकृत पूर्णचन्द्र घिमिरे ९८५६०४१६२४ |
| १७. | संगीत प्रशिक्षण, गीत संगीत रेकर्डिङ तथा स्वर परिक्षा सम्वन्धमा | संगीत शाखा (कार्यक्रम महाशाखा) | मुख्य संगीत प्रवन्धक मनराजा नकर्मी ४२११८५० |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | उपलब्ध सेवा | सेवा लिन लाग्ने समय | सेवा लिन लाग्ने शुल्क |
|---|---|---|---|
| १ | स्वर परिक्षा | तोके वमोजिम | ५२५। आवेदन फारम सहित |
| २. | क्लाकार सिफारिस प्रमाणपत्र | | २५५०। आवेदन फारम सहित |
| ३ | इन्टर्नसिप | ३ महिना सम्म<br>६ महिना सम्म | २०००।<br>४०००। |
| ४ | रेडियो नेपाल अवलोकन | २५ जना सम्मलाई<br>५० जना सम्मलाई | १०००।<br>२०००। |

## ८. रेडियो विज्ञापन सम्वन्धी दररेट

१.  प्रसारण समय बर्गिकरण:

(क) **"ए"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बिहान ५:०० बजे देखि ११:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ख) **"बी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बेलुका ५:००बजे देखि राती ९:३० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ग) **"सी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको दिउंसो ११:०० बजेदेखि बेलुका ५:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(घ) **"डी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ९:३० बजेदेखि ११:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ङ) **"इ"**समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ११:०० बजे देखि बिहान ५:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

## २. अतिरिक्त कमिशन (बोनस):

(ख) दफा (क) बमोजिम समितिलाई प्राप्त रकममा निम्नानुसार अतिरिक्त कमिशन उपलव्ध गराउन सकिने छ :

(अ) केन्द्रीय प्रसारणको हकमा :

(१) वार्षिक रु.५ लाखदेखि माथि १० लाखसम्मको कारोबारमा ५%

(२) वार्षिक रु.१० लाख १ देखि २० लाखसम्मको कारोबारमा ६%

(३) वार्षिक रु.२० लाख १ देखि ४० लाखसम्मको कारोबारमा ७%

(४) वार्षिक रु.४० लाख १ देखि ८० लाखसम्मको कारोबारमा ८%

(५) वार्षिक रु.८० लाख १ देखि १ करोड माथिको कारोबारमा १०%

(आ) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रको हकमा

(१) वार्षिक रु. २ लाख देखि माथि ४ लाख सम्मको कारोबारमा ५%का दरले,

(२) वार्षिक रु.४ लाख १ देखि ७ लाख सम्मको कारोबारमा ६% का दरले,

(३) वार्षिक रु. ७ लाख १ देखि १० लाख सम्मको कारोबारमा ८% का दरले र

(४) वार्षिक रु.१० लाख १ देखि १० लाख माथिको कारोबारमा १०% का दरले ।

(ग) बुंदा (ख) अनुसारको अतिरिक्त कमिशन आर्थिक वर्षको अन्त्य सम्ममा कारोबारको भुक्तानी चुक्ता गरेको अवस्थामा मात्र दिइनेछ । अतिरिक्त कमिसन हिसाब गर्दा फरक रकमको सिमा बमोजिम अलग अलग प्रतिशत गणना गरिने छ ।

## ३. मनोरञ्जनात्मक कार्यक्रम उत्पादन एवम् प्रसारण:

(छ) रेडियो नेपालबाट प्रसारण हुने मनोरञ्जनात्मक कार्यक्रम प्रायोजित भएमा देहाय बमोजिम विज्ञापन प्रसारणको लागि समय (FCT)उपलव्ध गराइनेछ ।

- १५ मिनेटको कार्यक्रममा ३ मिनेट
- ३० मिनेटको कार्यक्रममा ६ मिनेट
- ४५ मीनेटको कार्यक्रममा ९ मिनेट

उपरोक्त विज्ञापन (FCT) मध्ये ५०% सम्म सोही कार्यक्रम भित्र र बाँकी ५०% सम्मका विज्ञापन बैंकिङ गरी सोही कार्यक्रम प्रसारण भएको बर्गीकृत समयमा प्रसारण गर्न दिन सकिनेछ। अन्य समयमा प्रसारण गर्न चाहेमा बैंकिङ गरिएका विज्ञापनलाई प्रचलित विज्ञापनको दररेट बमोजिम हुने रकममा हिसाव गरी प्रसारण गर्न दिन सकिनेछ।

## ४. विहान ७ बजे र बेलुका ७ बजेको समाचारको समय बिक्री:

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ७ बजे वा बेलुका ७ बजेको समाचारको अघि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुने गरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. र डी. समयमा २ पटक।

२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा २ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ५ पटक।

३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ३ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ७ पटक।

४. दुवै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ५ पटक।

५. दुवै समाचारमा ३ महिना वा सो भन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ५ पटक र ए. बी. सी. डी. समयमा ७ पटक गरी जम्मा १२ पटक।

६. दुवै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा बांकी जुनसुकै समाचारहरूमा १० पटक।

(ग) यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ।

(३) यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैक ग्यारेन्टि वा नगद धरौटी लिन सकिनेछ।

(ङ) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन।

## ५. विहान ९ बजे र बेलुका ९ बजेको समाचारको समय बिक्री :

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ९ बजे र बेलुका ९ बजेको समाचारकोअघि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुनेगरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. डी. समयमा २ पटक।

२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ४ पटक।

३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ६ पटक गरी जम्मा ७ पटक।

४. दुबै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ए. बी. सी. डी. समयमा ५ पटक।

५. दुबै समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक, अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ८ पटक गरी जम्मा १० पटक।

६. दुबै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र अन्य समाचारहरूमा ९ पटक गरी जम्मा १० पटक।

(ग) यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ ।

(घ) यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैक ग्यारेन्टी वा नगद धरौटी लिन सकिनेछ ।

(ङ) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरेपछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

**६. सवै समाचारको समय बिक्रीः**

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान र बेलुका ७ बजे, ९ बजे र दिउँसो ३ बजे गरी दैनिक ५ समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डर गरेमा प्रोत्साहन स्वरूप प्रति ५ पटकको भुक्तानी वापत अन्य ४ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ख) बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य २ गरी दैनिक ७ समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति ७ पटकको भुक्तानी बापत अन्य ५ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ग) बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य ५ गरी दैनिक १० समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति १० पटकको भुक्तानी वापत अन्य ७ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोहीदिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ङ) कुनै विज्ञापन एजेन्सीले गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन संकलन गरी ल्याएको खण्डमा यस दफा बमोजिम सःशुल्क वा निःशुल्क प्रसारण हुने विज्ञापनहरू एकभन्दा बढी विज्ञापन दाताको फरक फरक विज्ञापन भए तापनि यस्तो सुविधा प्रदान गर्न सकिनेछ । तर सरकारी क्षेत्रको विज्ञापनको हकमा सःशुल्क र निःशुल्क प्रसारण हुने विज्ञापन एउटै संस्थाको मात्र हुनु पर्नेछ ।

(च) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

(छ) प्रादेशिक प्रसारणबाट समाचार अगाडि, पछाडि वा बिचमा विज्ञापन प्रसारणका लागि सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्नानुसारको सुविधा प्रदान गर्न सकिनेछः

(१) कुनै एक समाचारमा एक महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा २ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) कुनै एक समाचारमा तीन महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा ४ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

**७. वर्गीकृत समय बिक्री :**

(ग) रेडियो नेपालको Digital Platform (जस्तै अनलाइन पोर्टल, OTT आदि) मा सूचना तथा विज्ञापन प्रकाशन/प्रसारण गर्दा लाग्ने शुल्कको दररेट अनुसूचि (३) बमोजिम हुनेछ । साथै सुविधा सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

डिजिटल प्लाटफर्म (Digital Platform)मा प्रोत्साहन स्वरुप निशुल्क प्रकाशन गरिदिन सकिने छ । विज्ञापन एजेन्सी मार्फत प्राप्त विज्ञापन तथा कार्यक्रमको हकमा जुन निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापन प्रसारण भएको हो सोही निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापनमात्र डिजिटल प्लाटफर्ममा प्रकाशन गरिदिन सकिने छ ।

- रु. ३ लाख देखि १० लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १०% बरावर ।
- रु. १० लाख १ देखि १५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १२% बराबर ।
- रु. १५ लाख १ देखि २५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १५% बराबर ।
- रु. २५ लाख १ देखि माथिको कारोबार भए २०% बरावर ।

६. डिजिटल प्लाटफर्म (Digital Platform) मा प्रकाशित गर्न विज्ञापन वा कार्यक्रमको डिजाइन कार्यक्रम वा विज्ञापानदाता स्वयम्ले नै उपलब्ध गराउनु पर्नेछ ।

**८. कारोबार रकमको आधारमा दिईने छुट सुविधा :**

कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रबाट संचालनहुने **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** र सरकारी निकायको विज्ञापन बाहेक रेडियो नेपालको केन्द्रीय र प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूबाट प्रसारण हुने अन्य क्षेत्रका विज्ञापन वा मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन गरी बढीमा एक वर्षको अवधिमा देहायको रकम कारोबार गर्नेगरी सम्झौता गर्ने विज्ञापनदाता वा विज्ञापन एजेन्सीहरूलाई निम्न अनुसारको छुट दिइनेछ ।

(क) केन्द्रीय प्रसारणको हकमा

१. २ लाख १ भन्दा माथि २%
२. ५ लाख १ भन्दा माथि ५%
३. १० लाख १ भन्दा माथि १०%
४. १५ लाख १ भन्दा माथि १५%
५. २० लाख १ भन्दा माथि २०%
६. ३५ लाख १ भन्दा माथि २५%

(ख) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूको हकमा:

१. रु. ५० हजार १ भन्दा माथि ५%
२. रु. १ लाख ५० हजार १ भन्दा माथि १०%
३. रु. ३ लाख १ भन्दा माथि १५%

(ग) यस दफा बमोजिम प्याकेज छुट लिने गरी सम्झौता गरेको कुनै विज्ञापन एजेन्सीले दफा (७) बमोजिमको कमिशन पाउने किसिमको कुनै सरकारी विज्ञापन वा कार्यक्रम प्रायोजन गरी ल्याएको खण्डमा त्यसबाट प्राप्त हुने रकम सम्झौता बमोजिमको कूल कारोबार रकममा जोडिनेछ तर बुंदा (क) र (ख) मा उल्लेख भए बमोजिमको अतिरिक्त प्याकेज छुट भने पाउने छैन ।

## विज्ञापन/ कार्यक्रम प्रसारण दररेट

**(क) "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रसारण शुल्क/ धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्क:**

| समय | "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रतिमिनेट (रु.) | धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्क (रु.) | | |
|---|---|---|---|---|
| | | कार्यक्रमको नाम | प्रति मिनेट | एफसीटी |
| बिहान ५.०० देखि ६.०० बजेसम्म | ३०० | धार्मिक | ७५ | ३ मिनेट |
| बिहान ६.०० देखि ७.०० बजेसम्म | ८०० | अखवार/ अन्तरसम्वाद | १३० | ३ मिनेट |
| बिहान ७.०० देखि ९.०० बजेसम्म | ९०० | समाचारमूलक वा अन्तरक्रियात्मक | १३० | ३ मिनेट |
| बिहान ९.०० देखि ११.०० बजेसम्म | ७०० | | | |
| विहान ११.०० देखि दिउंसो १.०० बजेसम्म | ५०० | | | |
| दिउसो १.०० देखि सांझ ६.०० बजेसम्म | ७०० | | | |
| साँझ ६.०० देखि ७.०० बजेसम्म | ८०० | | | |
| साँझ ७.०० देखि ८.०० बजेसम्म | ९०० | | | |
| साँझ ८.०० देखि ९.०० बजेसम्म | ८०० | | | |
| साँझ ९.०० देखि १०.०० बजेसम्म | ५०० | | | |
| साँझ १०.०० देखि ११.०० बजेसम्म | ३०० | | | |
| राति ११.०५ देखि बिहान ५.०० सम्म | ७५ | | | |

**(ख) समयको वर्गिकरण र विज्ञापन प्रसारण शुल्क :**

| समय वर्गिकरण | समयको नाम | प्रति मिनेट |
|---|---|---|
| बिहान ५.०० देखि ११.०० बजेसम्म | ए समय | रु १,८०० |
| बेलुका ५.०० देखि ९.३० बजेसम्म | बि समय | रु १,५०० |
| दिउसो ११.०० देखि ५.०० बजेसम्म | सी समय | रु १,२०० |
| राती ९.३० देखि ११.०० बजेसम्म | डी समय | रु ९०० |
| राती ११.०५ देखि बिहान ५.०० बजेसम्म | इ समय | रु.२०० |

**(ग) मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT समय**

| कार्यक्रम अवधि | मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन शुल्क | | | | | एफसीटी | मनोरञ्जनात्मक कार्यक्रम: समय खरिद (दफा १९ (ज) को प्रयोजनको लागि) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ए समय रु. | बी समय रु. | सी समय रु. | डी समय रु. | इ समय रु | | | | |
| १५ मिनेट | ४६०० | ४००० | ३५०० | २५०० | ५०० | ३ मिनेट | सी समय | डी समय | इ समय |
| ३० मिनेट | ८५०० | ७००० | ६००० | ४००० | १००० | ६ मिनेट | प्रति मिनेट रु. २५० | प्रति मिनेट रु. १७५ | प्रतिमिनेट रु. ७५ |
| ६० मिनेट | १५००० | १२००० | १०००० | ७००० | १५०० | १२ मिनेट | | | |

**(घ) "सूचना, समाचारमूलक तथा जनचेतनामूलक कार्यक्रममूमा विज्ञापन प्रसारण शुल्कः**

| समाचाररकार्यक्रम | प्रतिमिनेट विज्ञापन प्रसारण शुल्क | | |
|---|---|---|---|
| | अघि | बीचमा | पछि |
| विहान र बेलुका ७ बजेको समाचार | रु ५,७०० | रु ६,००० | रु ४,२०० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४,२०० | रु ४,५०० | रु ३,००० |
| अन्य समाचार | रु २,४०० | रु ३,००० | रु २,१०० |
| अखवार कार्यक्रम | रु २,४०० | रु ३,००० | रु २,४०० |
| अन्य समाचारमुलक वा अन्तर्क्रियात्मक कार्यक्रम | रु ४,२०० | रु ४,५०० | रु ३,००० |

**(ङ.) समयसुचक (Time check) (अवधि५सेकेण्ड)/ यस समाचारको साथमा**

**(अ) समय सूचक/यस समाचारका साथमा**

| समाचार समय | ३ महिना | ६ महिना | १ वर्ष |
|---|---|---|---|
| विहान र बेलुकी ७ बजे | रु ७५,००० | रु १,२५,००० | रु २,००,००० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४०,००० | रु ७५,००० | रु १,४०,००० |
| अन्य समाचार | रु २५,००० | रु ४०,००० | रु ७०,००० |

**(आ) 'समय सूचक' र 'यस समाचारको साथमा' १० सेकेण्डसम्म दिन सकिनेछ। सो वापत लाग्ने शुल्क यसैको आधारमा हिसाब गरिनेछ।**

**(च) परिसंवाद कार्यक्रम एवं विशेष कार्यक्रम प्रसारण शुल्कः**

| केन्द्रीय प्रसारण | प्रदेश प्रसारण |
|---|---|
| प्रति मिनेट रु. १,२००/- | प्रति मिनेट रु. ४००/- |

**(छ) प्रादेशिक प्रसारण कार्यालय धनकुटा, बर्दिवास, काठमाडौं, पोखरा, दाङ, सुर्खेत र दिपायलः**

१. समाचारको अघि, पछि वा बीचमा विज्ञापन प्रसारण शुल्कः

| समाचारहरु | प्रति मिनेट विज्ञापन प्रसारण शुल्क | | | टाइमचेक (अवधि ५सेकेण्ड) | | |
|---|---|---|---|---|---|---|
| | अघि | बीचमा | पछि | प्रति पटक | ६ महिना | १ वर्ष |
| सबै समाचार | रु १,२०० | रु १,४०० | रु १,००० | रु १०० | रु १८,००० | रु ३६,००० |

२. कार्यक्रम र विज्ञापन प्रसारण शुल्कः

| "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रति मिनेट | विशेष कार्यक्रम प्रति मिनेट | मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT | | साधारण विज्ञापन प्रति मिनेट |
|---|---|---|---|---|
| | | १५ मिनेट/ FCT३ मिनेट | ३० मिनेट/ FCT६ मिनेट | |
| रु. २०० | रु ३५० | रु १,५०० | रु ३,००० | रु. ८०० |

***नोट***

- प्रत्यक्ष रुपमा प्रसारण गरिने सुचना तथा सन्देश पनि अवधि अनुसार प्रसारित समयको विज्ञापन दररेट अनुसार बिलिंङ गरिनेछ ।
- विज्ञापन तथा सन्देश न्यूनतम १५ सेकेण्ड हुनुपर्नेछ । तत्पश्चात औसतमा ५/५ सेकेण्डको अन्तर रहने गरी बिलिङ्ग गरिनेछ ।

**अनुसूचि (३) : डिजिटल प्लेटफर्म/अनलाइन सम्बन्धी दररेट**

| | |
|---|---|
| १. रोड ब्लक | रु. १५,०००।- प्रति दिन । |
| २. मुख्य समाचार माथि वारपार | रु. १,००,०००।- प्रति महिना । |
| ३. मुख्य समाचार तल वारपार | रु. ८०,०००।- प्रति महिना । |
| ४. ताजा प्रमुख समाचार माथि वा तल वारपार | रु. ७५,०००।- प्रति महिना । |
| ५. गृह पृष्ठमा जुनसुकै स्थानमा वारपार | रु. ६०,०००।- प्रति महिना । |
| ६. भित्री पेज समाचारमा जुनसुकै स्थानमा | रु. २०,०००।- प्रति महिना । |

९. **निर्णय गर्ने प्रकृया र अधिकारी**

- शाखा महाशाखाबाट सिफारिस भइ नायवकार्यकारी निर्देशक हुदै कार्यकारी निर्देशकवाट निर्णय हुने ।

१०. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- कार्यकारी निर्देशक र संचालक समिति

११. **सम्पादन गरेको कामको विवरण :**

**रेडियो प्रसार सेवा विकास समिति**
**रेडियो नेपाल**
**आ.व.२०७८/७९**
**बैशाख, जेठ र असार (चौथो त्रैमासिक) को प्रगति विवरण ।**

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति |
|---|---|---|---|
| १. | समावेशी प्रसारण | समावेशी सम्बन्धि कार्यक्रम विभिन्न १८ भाषा सहित उत्पादन तथा प्रसारण | कार्यक्रम उत्पादन तर्फ बैसाख जेष्ठ र असार महिनामा ४२५ वटा कार्यक्रम उत्पादन र प्रसारण भएको।हालसम्म १७५८ वटा कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको।समावेशी प्रसार सामग्रीका उत्पादनका लागि आवश्यक उपकरणहरूको खरिद कार्यका लागि पुनः दोस्रो पटक शिल्ड कोटेसन आह्वान भए अनुसार सामान प्राप्त भई वितरण गरिएको। |
| २. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम | सञ्चारग्राम सञ्चालनका लागि विद्युत, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतका सेवा महसुल भुक्तानी | कार्यालय सञ्चालनका लागि तलब भत्ता, मसलन्द, सरसफाई सामान खर्च तथा विधुत, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतको जेष्ठ महिनाको सेवा महसुल भुक्तानी गरिएको। |
| ३. | अडियो डिजिटल आर्काइभिङ्ग | Digitization of Audio Content and Archive System स्थापना। | रेडियो नेपालमा रहेका स्थापना कालदेखिका महत्वपूर्ण गीत संगीत लगायतका श्रव्य सामग्रीहरूलाई संरक्षण र सम्बर्द्धन गर्न अन्तराष्ट्रिय मापदण्डको प्रणालि मार्फत डिजिटाइजेशन गरी प्रयोगमा ल्याउने उदेश्यका साथ Digitization of Audio Content and Archive System स्थापना तथा सञ्चालनमा ल्याइएको ।साथै Digitization of Audio Content and Archive System स्थापनाका लागि कोठा व्यवस्थापन सम्बन्धी कार्यका लागि आवश्यक सामग्रीहरूको विवरण, स्पेशिफिकेसन र लागत अनुमान तयार भई AC र Humidifier System को दोस्रो पटक सूचना प्रकाशन भइ २०७९/०४/०३ गते सिल्ड कोटेशन खोल्ने तय भएको।Archive System स्थापना भए पश्चात व्यवस्थित रूपले सञ्चालनका लागि दैनिक अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन भइ कार्य प्रक्रिया अगाडि बढाइएको। |
| | | डिजिटाइज्ड भएका सामग्रीको प्रयोग सम्बन्धमा। | हालसम्म डिजिटाईजेसन र मेटाडाटा तयार भएका अडियो सामग्रीहरूलाई रेडियो नेपालको दैनिक प्रसारणमा प्रयोग गर्ने गरी व्यवस्थापन गरिएको। |
| | | डिजिटाइजेशन कार्य | OTT Apps मा प्रयोग गर्ने गरी विभिन्न महत्वपूर्ण अडियो सामग्रीहरूको विवरण तयार पारिएको। |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति |
|---|---|---|---|
| ४. | सञ्चार तथा सूचना प्रविधि कार्यक्रम प्रसारण | कार्यक्रम उत्पादन तथा प्रसारण | बैसाख, जेठ र असार महिनामा १३ वटा कार्यक्रम उत्पादन र प्रसारण भएको। हालसम्म ५२ वटा कार्यक्रम उत्पादन गरी प्रसारण भएको। |
| ५. | व्यापार प्रवर्द्धन | विभिन्न निकायहरूसँग द्विपक्षिय सम्झौता सम्पन्न गर्ने। | विभिन्न निकायसँग कार्यक्रम, सूचना र विज्ञापन प्रसारण गर्ने गरी भएको द्विपक्षीय सम्झौता अनुसार . ११,२९,००,०००।- रकम बराबरको द्विपक्षीय सम्झौता सम्पन्न भएकोमा यस आ.व. २०७८/७९ मा रू १०,८५,७७,१९०।-रकम आम्दानी भएको । |
| ६. | बेरूजु फछ्यौंट | समितिको नाममा रहेको बेरूजु फछ्यौंट | समितिको नाममा रहेको जम्मा बेरूजु २४,९६,८८,०००।— मा फर्छ्यौटका लागि पेश गरिएको रू ५,०३,७५००० मध्ये जम्मा रू ४,७५,६५,०००।- रकम बेरूजु फछ्यौंट भएको ।हाल सम्मको फछ्यौंट प्रतिशत १९.०३ रहेको । |
| ७. | प्रसारण पहुँच वृद्धि | ट्रान्समिटर सिष्टम खरिद | प्रसारण पहुँच विस्तारका लागि पर्वत जिल्लाको दुर्लुङकोट र पाचथरको सिलौटे डाडामा एफ.एम. ट्रान्समिटर स्थापना गरी प्रसारण विस्तार गर्न स्थलगत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भई जडान टोली गठन भएको । अन्य स्थानमा एफ.एम. प्रसारण केन्द्र स्थापना गर्न १ किलोवाट, ५०० वाट र २५० वाट क्षमताका १५ वटा ट्रान्समिटर खरिदको लागि बोलपत्र आह्वान अनुसार खरिद सम्झौता सम्पन्न भएको। |
| | | DRM प्रविधि परिक्षण प्रसारण | DRM प्रविधिको डिजिटल रेडियो DRM Journaline (Wave Casting) को परिक्षण प्रसारण सुरू गरीएको । |
| | | स्पेयर पार्टस/ उपकरण खरिद | स्पेयर पार्टस/ उपकरण खरिदका लागि प्राप्त बोलपत्रहरूको मूल्याङ्कन कार्य पश्चात आसय पत्र जारी भई सम्झौता भएको। |
| ८. | प्रसारण लिङ्क स्थापना (IP Connectivity) | प्रसारण सेवा स्तरोन्नति (आवश्यक उपकरण खरिद समेत) | आवश्यक उपकरण खरिदका लागि सम्बन्धित आपुर्तिकर्तासँग सम्झौता भएको । |
| | | IP Connectivity विस्तार, (Optical Fibber समेत) | १० वटा स्टेशनहरुमा लिंक स्थापना भएको। अन्य स्थानको लागि उपकरण खरीद भई जडान हुने क्रममा रहेको तथा प्रादेशिक प्रसारण कार्यालयबाट एफएम रिले स्टेशनको लिंक स्थापनाको कार्य जारी रहेको। साथै इन्टरनेट कनेक्टीभिटी कर्णाली प्रदेशको जुम्ला, कालिकोट, प्रदेश नम्बर १ को सोलुखुम्बु, इलाम, सुदूर पश्चिम प्रदेश अन्तर्गत खोडपे बैतडी, बुढीतोला, उडितोला, गण्डकी प्रदेश अन्तर्गत बन्दिपुरमा लिंक स्थापना भएको। |
| | | Transponder Band width Lease | Transponder Band width Lease का लागि लागत अनुमान तयार गर्न पत्राचार भएता पनि लागत प्राप्त हुन नसकेको। |
| ९. | | पुराना महत्वपूर्ण श्रब्य सामग्रीको बजारीकरण गर्ने | OTT Platform बाट रेडियो नेपालमा रहेका पुराना महत्वपूर्ण श्रब्य सामग्रीको बजारीकरण गरी आय आर्जन गर्न सो सम्बन्धी सर्वर सेट अप र कन्टेन्ट म्यानेजमेन्ट कार्य गरी एप्स स्थापना भएको। |
| | | प्रसारण निर्देशिका तथा शैली पुस्तक | समाचार तथा कार्यक्रमहरूमा एकरूपता ल्याउन र भाषिक सुद्धताका लागि रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक २०७९ प्रकाशन गरि लागू गरिएको । |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति |
|---|---|---|---|
| १०. | विविध | जिन्सी निरिक्षण | केन्द्रिय कार्यालय र अन्तर्गतका प्रादेशिक प्रसारण कार्यालयमा रहेका चल/अचल सम्पतिहरूको जिन्सी निरिक्षण कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त भइ लिलाम प्रक्रिया पुरा भएको। |
| | | उपसमिति गठन | आर्थिक वर्ष २०७९/८० को बजेट तयारीका लागि सञ्चालक समितिमा पेश गर्न बजेट मस्यौदा उपसमितिले मस्यौदा प्रस्ताव तयार पारी समितिमा पेश गरेको । |
| | | | रेडियो नेपालको रणनीतिक योजना निर्माण गरी आय आर्जन वृद्धिका लागि राय सुझाव दिन समितिका नायब कार्यकारी निर्देशकको संयोजकत्वमा उपसमिति गठन गरिएको । |
| | | निर्वाचन विशेष प्रसारण | २०७९ बैसाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनको निर्वाचन विशेष प्रसारणका रूपमा मतदान भएको दिन राती ११ बजेसम्म र बैसाख ३१ बाट मतगणनाको पछिल्लो परिणामको अपडेट २४ सै घण्टा प्रत्यक्ष प्रसारण गरिएको । |
| | | प्रत्यक्ष प्रसारण | २०७९।०२।०२ गते बुद्ध जयन्तीको उपलक्ष्यमा बुद्धको जन्मस्थल लुम्बिनीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको समउपस्थितमा भएको विशेष कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको । |
| | | | २०७९।०२।१५ गते गणतन्त्र दिवसको उपलक्ष्यमा सैनिक मञ्च टुडिखेल, काठमाण्डौंमा भएको विशेष कार्यक्रम र आ. व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रतिनिधी सभा भवन नयाँ बानेश्वरबाट प्रत्यक्ष प्रसारण गरिएको । साथै अन्य विशेष अवसरहरूको प्रत्यक्ष प्रसारण गरिएको। |
| | | अन्तरक्रिया/छलफल | विज्ञापन र कार्यक्रमदाता, विज्ञापन एजेन्सी तथा सरकारी एवम गैरसरकारी निकाय सम्मिलित अन्तरक्रिया कार्यक्रम तथा नेपाल मिडिया सर्वे २०७९ को नतिजा सार्वजनिकरण गरिएको। |
| | | | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र रेडियो नेपाल द्वारा आयोजित कानुनका कुरा कार्यक्रम विषयक अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न गरिएको। |
| | | तालिम | मिति २०७९।०२।२४ गतेदेखि २०७८।०२।२७ गतेसम्म रेडियो नेपालको समाचार तथा कार्यक्रम महाशाखामा कार्यरत कर्मचारीहरूलाई Graphics & Video Editing for OTT तालिम सम्पन्न गरियो । |
| | | | समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारण सम्बन्धी तालिम २०७९/०३/२२ देखि २०७९/०३/२४ गते सम्म ३ दिने तालिम रेडियो नेपालका समाचार वाचक, कार्यक्रम प्रस्तोता गरी ५२ जना जनशक्तिलाई प्रदान गरिएको। |
| | | रकम वितरण | पहिलो लकडाउनको समयमा प्रसारण कार्यमा संलग्न जनशक्तिलाई प्रति व्यक्ति रू १०० का दरले रकम वितरण गरिएको। |
| | | सम्झौता | रेडियो नेपाल र संगीत रोयल्टी संकलन समाज वीच सांगितिक रचना/गीत संगित सार्वजनिक प्रसारण सम्बन्धी सम्झौता गरिएको। |
| | | अध्ययन प्रतिवेदन | रेडियो नेपालबाट प्रसारित समावेशी कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन प्राप्त भएको। |

**१२. सूचना अधिकारी र प्रमुखको नाम र पद**

- सूचना अधिकारी : निर्देशक पुष्कर राज गौतम्  ९७६११३९८८२
- कार्यालय प्रमुख : कार्यकारी निर्देशक बुद्धिबहादुर के.सी.  ९८४९२०९९११

**१३ ऐन नियम विनियम वा निर्देशिका सूची**

**क.नीति/गठन आदेश**

- राष्ट्रिय आमसंचार नीति २०७३
- रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ संसोधन सहित

**ख.ऐनको सूची**

- विकास समिति ऐन २०१३
- रेडियो ऐन २०१४
- राष्ट्रिय प्रसारण ऐन २०४९
- श्रमजिवी पत्रकार ऐन २०५१
- आर्थिक कार्यविधि ऐन २०५५
- सार्वजनिक खरीद ऐन २०६३
- सूचनाको हक सम्वन्धी ऐन २०६४

**ग. नियमावलीको सूची**

- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०७७
- रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली २०४९
- राष्ट्रिय प्रसारण नियमावली २०५२ संसोधन सहित
- श्रमजिवि पत्रकार सम्वन्धी नियमावली २०५३
- सार्वजनिक खरीद नियमावली २०६४
- आार्थिक कार्यविधि नियमावली २०६४
- सूचनाको हक सम्वन्धी नियमावली २०६५
- भ्रमण खर्च नियमावली २०६८ संसोधन सहित

**घ. निर्देशिकाको सूची**

- रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचारमापदण्ड २०७०
- रेडियो नेपाल संगीत प्रशिक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान निर्देशिका २०७१
- करार ज्यालादारी वुलेटिन वेसीस जनशक्ति नियुक्ति सेवा सर्त सम्वन्धी मापदण्ड २०७८
- रेडियो नेपाल वैदेशिक भ्रमण व्यवस्थापन आन्तरिक कार्यविधि २०७५
- व्यापार निर्देशिका २०७७
- तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम बिराटनगर स्थापना तथा सञ्चालन निर्देशिका २०७८
- महानगर एफएम रेडियो सञ्चालन कार्यविधि (Operational Modality) २०७८

**१४. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण ।**

# आर्थिक वर्ष ०७७/७८ को असार मसान्तसम्मको खर्च विवरण

| क्र.सं. | खर्च रकम | खर्च शिर्षक | प्रदेश नं. ३ | | | प्रदेश नं. १ | | प्रदेश नं. २ | प्रदेश नं. ६ | प्रदेश नं. ४ | प्रदेश नं. ७ | प्रदेश नं. ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | केन्द्र | खुमलटार | भैंसेपाटी | धनकुटा | धरान | बर्दिवास | सुर्खेत | पोखरा | दिपायल | दाङ्ग | |
| १ | २११११ | तलव | १५८६१२६५६।०८ | १०४७३५२९।१३ | ८८१९११५।१३ | १३२९३१६३।७४ | ११९२३१२६।४० | १६३४८९६६।६४ | १७०८९३५०।४० | २०४८०३९९।९० | १३२३९११३।४९ | ९६१२६४९।४३ | २७९८९२०७०।३४ |
| २ | २११२१ | पोषाक | २१३०६००।०० | १५०००००।०० | १२०००००।०० | २००००००।०० | १५०००००।०० | १९०००००।०० | २००००००।०० | ३२०००००।०० | १२०००००।०० | ९०००००।०० | ३६७०६००।०० |
| ३ | २११२३ | औषधी उपचार खर्च | ६६७६२।०० | | | | | ०।०० | | | | | ६६७६२।०० |
| ४ | २११३१ | स्थानिय भत्ता | ०।०० | | | २४२९०३।९२ | | ०।०० | | | ४४०८९१।०० | | ६८३७९४।९२ |
| ५ | २११३२ | महगी भत्ता | ५१३८५९९।९९ | ३७३११६।१६ | २९००००।०० | ४३२०००।०० | ३१२३३०।०० | ४७४०००।०० | ४९२०००।०० | ७६२०००।०० | २९८०००।०० | १९४०००।०० | ८७६६०४६।१५ |
| ६ | २११३४ | कर्मचारीको बैठक भत्ता | २५७३०४३।०० | | | | | ०।०० | | | | | २५७३०४३।०० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १२२२८००।०० | | | | | ०।०० | | | | | १२२२८००।०० |
| ८ | २११३९ | अन्य भत्ता | ३४३९१२३।०९ | २३४९९६।८२ | २०००००।१६ | १६३३७२।०६ | १५९६९०।२८ | २८२९३३।७१ | १४६३०८।०० | ३१०८९७।८१ | २४२७२७।५७ | १५५७३८।२१ | ५३३५७८६।७१ |
| ९ | २७३११ | निवृत्तभरण तथा अशक्त वृत्ति | ८९३०६७१८।६४ | | | | | ०।०० | | | | | ८९३०६७१८।६४ |
| | | जम्मा चालु खर्च | २६२४९०३०२।८० | ११२३१६४२।११ | ९४२९११५।२९ | १४३३१४३९।७२ | १२५४५१४६।६८ | १७२९५८९९।३५ | १७९२७६५८।४० | २१८७३२९७।७१ | १४३४०७३२।०६ | १००५२३८७।६४ | ३९१५१७६२१।७६ |
| १० | २२१११ | पानी तथा विजुली | २४८२२८९।८५ | १८६४९३९।८८ | ४००९००६।५० | ८४८८०४।४८ | १४२३५९४।१३ | २६३०८७३।२८ | २११९७७३।०४ | ४७६७३१४।३३ | २२०२८८६।२६ | ३४२५१५।९१ | २२६९१९९७।६६ |
| ११ | २२११२ | संचार महसुल | १०१५८६१।२९ | ३९२००।०० | २५९२३।४२ | ६२४२८।६० | १०७९३२।२० | ११३६७२।५७ | ५०३९७।८३ | ५६९००।०० | १७०५६०।०० | ६९०५०।०० | १७११९२५।९१ |
| १२ | २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | ३३३९०९९।०१ | २९९५०।०० | २३६९७।२० | ८४७८९।८० | २८३४७०।९३ | ९६७०९।२९ | ४६४२७।७१ | ११२३१३।५० | १३४९३८।८४ | ४६०१८।०८ | ४१९७४१४।३६ |
| १३ | २२२१३ | सवारी साधन मर्मत खर्च | २६९५५२७।३५ | १२१५०।०० | ५६००।०० | ३७७५४३।२५ | १८८१९३।४० | ५०३३१।८३ | ३१२७५।०० | ७२९०५।०० | १६८३९४।२० | ५२८५१।०० | ३६५४७७१।०३ |
| १४ | २२२१४ | वीमा तथा नविकरण खर्च | ४०२०००।०० | | | | | २७४९८।०० | १६२८५।०० | | २२०००।०० | ४५३१।३० | ४७२३१४।३० |
| १५ | २२२३१ | अन्य मर्मत खर्च | ९०९६३१।७० | १००००००।०० | ९९९६२।७५ | ९८५७६।३० | १७८६९९।०६ | १०६३६५।९३ | ३५१२०७।८० | १३७६०९।०० | १४८३०९।१० | ३४०२५।०० | २१६४३८६।६४ |
| १६ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५१४६९४।६९ | ४९९९२।८५ | ४९९९६।५५ | ८९८१५।६८ | ११६५०४।०९ | ८५८१६।९० | ५४९४३।९३ | ८९८९।०० | १०७९३५।०० | ६५२३७।०० | ३२२४८२८।६९ |
| १७ | २२३१४ | इन्धन अन्य प्रयोजन | ९०५६९।०० | १२५०००।०० | १२६०३३।४७ | ८७५६४।०१ | ३७१९७।५२ | ११९७५५।८२ | ८०३१२०।९६ | ३५९८४३।०० | ६६४३०५।५७ | ६५५९०।०० | २८८५७५३।३५ |
| १८ | २२३१५ | पत्र पत्रिका,छपाई र सूचना प्रकाशन | १६७६११४।७२ | १४९७२।०० | १४९८०।०० | १७८१५।०० | २१०८९।५० | १५५००।०० | १९८३५।०० | १९५२५।०० | १७२३०।०० | १६४५०।०० | १८३३५११।२२ |
| १९ | २२४११ | सेवा परामर्श खर्च | ७२५४६६।०० | | | | | | | | | | ७२५४६६।०० |
| २० | २२४१९ | अन्य सेवा शुल्क | ५१३९४१०।०० | २९९३१।०० | २९९९३।७० | २१०८०।०० | ५८७२०।०० | ३२८९०।०० | ४५१०१।०० | ४९८९०।०० | ३००००।०० | १०८००।०० | ५४४७८१५।७० |
| २१ | २२५११ | कर्मचारी तालिम | १८९३५०।०० | | | | | | | | | | १८९३५०।०० |
| २२ | २२५२१ | उत्पादन सामाग्री/सेवा | ३८००६१४।०० | | | ७२४६३१।८० | | ४७५३८६।७५ | ६२४९५१।६३ | १७५४१६।०० | ३२२२४०।०० | १५१८७१।०० | ६२७५१११।१८ |
| २३ | २२६११ | अनुगमन मूल्यांकन खर्च | २२६९५०९।९० | | | | | | | | | | २२६९५०९।९० |
| २४ | २२६१२ | भ्रमण खर्च | ३८४८४५४।०० | ६५०००।०० | | २४९१२५।०० | ३२४५४०।०० | २४७६०४।०० | १३०३७५।०० | ३०८७३०।०० | ३१८४३०।०० | १८००३०।०० | ५६७२२८८।०० |
| २५ | २२७११ | विविध खर्च | ४४७९४४९।४२ | | ६४९३५।०० | ७०६९०।०० | ७४६७०।०० | ६५९२१।९१ | ६५५९०।०० | ७४७६०।०० | ६७८६०।०० | ४९७६०।०० | ५०१३६३६।३३ |
| २६ | २८१४२ | घर भाडा | ०।०० | | | १४४००।०० | | ६८०००।०० | २४०००।०० | ५१९००।०० | | | १५८३००।०० |
| २७ | २८१४९ | अन्य भाडा | १४४५९६।०० | | | | | | | | | | १४४५९६।०० |
| | | जम्मा कार्य संचालन र सेवा महशुल | ३५७२२६३६।९३ | २३३११३५।७३ | ४४५०१२८।५९ | २७४७२६३।९२ | ३१४९३८४।८३ | ४२०८३२६।२८ | ४३८३२८३।९० | ६२७६९९७।८३ | ४३७५०८८।९७ | १०८८७२९।२९ | ६८७३२९७६।२७ |
| २८ | ३१११२ | भवन निर्माण | ९८५०९१५।१५ | | | | | | | | | | ९८५०९१५।१५ |
| २९ | ३१११३ | पुजिगत सुधार खर्च | ४९५३३१।९१ | | | | | | | | | | ४९५३३१।९१ |
| ३० | ३१११५ | फनीचर तथा फिक्चर्स | १०२५१५८।०७ | ५५०००।०० | ५४९९९।४५ | २९७२४।०० | १४९३५१।५१ | ६४०३४।९२ | ३३३२०।०० | ५४५१०।०० | ५३०२५।०० | २४६१५।०० | १५४३७३७।९५ |
| ३१ | ३११२१ | सवारी साधन | ५७५६५६।०० | | | | | | | | | १३४५०।०० | ५८९१०६।०० |
| ३२ | ३११२२ | मेशीनरी औजार | ९८७६२४३५।२८ | | | १४८९१२।५० | ८३३०२।५० | १००२२०।०० | ३३७००।०० | १४९२८५।०० | १६२८४०।५० | | ९९४४०६९५।७८ |
| ३३ | ३११३२ | सफ्टवेर निर्माण तथा खरिद खर्च | १९५४३६०४।७८ | | | | | | | | | | १९५४३६०४।७८ |
| | | जम्मा पुंजिगत खर्च | १३०२५३१०१।१९ | ५५०००।०० | ५४९९९।४५ | १७८६३६।५० | २३२६५४।०१ | १६४२५४।९२ | ६७०२०।०० | २०३७९५।०० | २१५८६५।५० | ३८०६५।०० | १३१४६३३९।५७ |
| | | कुल खर्च | ४२८४६६०४०।९२ | १३६१७७७७।८४ | १३९३४२४३।३३ | १७२५७३४०।१४ | १५९२७८५१।५२ | २१६६८४८०।५५ | २२३७७९६२।३० | २८३५४०९०।५४ | १८९३१६८६।५३ | १११७९१८१।९३ | ५९१७१३९८९।६० |

## रेडियो प्रसार सेवा विकास समिति

### आर्थिक वर्ष २०७८/७९ को असार महिनासम्मको आम्दानी विवरण (लेखा परिक्षण हुन बाकी)

| क्र.सं. | बिवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| १. | विज्ञापन सेवा वापत प्राप्त रकम | ८०३६१४२३।०० | |
| २. | ब्याज आम्दानी | ४५,२७५०७।६१ | |
| ३. | जग्गा भाडा वापत | १,०९,५३६९९।०० | |
| ४. | नेपाल सरकारबाट अनुदान रकम (डिजिटल आर्काइभ र समावेशी समेत गरेर) | ३९३०,००,०००। | |
| ५. | प्रादेशिक कार्यालयहरुको आम्दानी | १२०३४५६०।५६ | |
| ६. | विराटनगर महानगरपालिकाबाट प्राप्त रकम | ५०,००,०००।०० | |
| ७. | तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्रामको बचत रकम | ९४५५२९६५।६० | |
| ८. | आर्काइभ परियोजनाको बचत | १८३२३७९५।०७ | |
| **जम्मा** | | **६१,८७,५३,९५०।८४** | |

**१५. अघिल्लो अर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

सोको विवरण रेडियो नेपालको website मा राखीसकेको

**१६. सार्वजनिक निकाय वेभसाइट भए सोको विवरण ।**

- www.radionepal.gov.np
- www.onlineradionepal.gov.np
- Facebook page : www.facebook.com/radionepal
- Radionepal App

**१७. सार्वजनिक निकायले प्राप्त गरेको वैदेसिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण छैन ।**

**१८.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।**

- नियमित समाचार तथा कार्यक्रम प्रसारण ।
- हाल सम्मको प्रगति सम्वन्धमा बुदा नं. ११ मा समावेश गरिएको ।

**१९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।**

रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) सिंहदरबार, काठमाडौं।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिमको प्रयोजनका लागि सूचना वर्गीकरण समिति समक्ष पेश गरेको सूचनाको विवरणः

| क्र.सं. (१) | सूचनाको विवरण (२) | सूचना प्रवाह नगर्नु पर्नाको कारण (३) | महल ३ मा उल्लिखित कारण ऐनको दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मध्ये कुन खण्डसँग सम्बन्धीत हो (४) | सूचना प्रवाह नगर्नु पर्ने अवधि (५) | कैफियत |
|---|---|---|---|---|---|
| (१) | गोप्य सूचना | कार्य सम्पन्न भएको निश्चित समय पछि मात्र सरोकारवाला वा सर्वसाधारणको माग अनुसार सार्वजनिक गर्न सकिने भएकोले (खरिद प्रकृया सम्बन्धी, पदपूर्ति सम्बन्धी आदि) | खण्ड (ग) र (ङ) | कार्य सम्पन्न भएको निश्चित समयसम्म। | |
| (२) | अति गोप्य सूचना | पदपूर्ति सम्बन्धी जानकारी गराउन नमिल्ने निर्णय तथा अभिलेखहरू समितिको आन्तरिक मामिलाका विषयहरू। | खण्ड (ख), (ग), (घ), (ङ) | सम्मानित अदालतको निर्णय नभएसम्म, तालुक मन्त्रालय र सञ्चालक समिति बाट निर्णय नभएसम्म । | |

**२०. सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण ।**

- हाल सम्म विभिन्न निकायहरु मार्फत प्राप्त माग भएको सबै विवरणको जवाफ दिइसकिएको । साथै रेडियो कार्यक्रम र टेलिफोन मार्फत नियमित रुपमा सूचना जानकारीहरु उपलब्ध गराउँदै आएको ।

**२१. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।**

- अन्यत्र प्रकाशन नभएको ।